नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

बिद्युतिय बोलपत्र आह्वानको सूचना

सूचना नं. २३/०७७/०७८

प्रकाशित मिति २०७८/०३/२१ गते ।

मेडिकल डाईरेक्टर
( डा. आशा सिंह )
प्रा.प्रहरी अतिरिक्त महानिरीक्षक

आ.व. २०७८/०७९ मा आवश्यक पर्ने औषधी तथा औषधिजन्य मालसामानहरू यस अस्पतालको विनियोजित बजेट तथा नेपाल प्रहरी अस्पताल कल्याण कोष लगायतको रकमबाट खरिद गर्नको लागि बिद्युतिय बोलपत्र आव्हान गरिएको हुँदा इजाजत प्राप्त इच्छुक फर्म, संस्था तथा कम्पनीहरूबाट सार्बजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत रीत पूर्वकको बिद्युतिय बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

बिस्तृत जानकारीको लागि यस अस्पताल आर्थिक प्रशासन शाखा/फार्मेशी प्रबन्ध शाखाको टेलिफोन नं. ०१-४४१२४३०, ०१-४४१२५३०, Ext. No. १२५, ११० मा सम्पर्क गर्न हुन वा www.bolpatra.gov.np/egp, www.nepalpolice.gov.np र www.nph.nepalpolice.gov.np समेतमा हेर्न सकिने ब्यहोरा सुचित गरिएको छ ।

## चमेना गृह संचालनको लागि
## सिलबन्दी दरभाउ पत्र आव्हानको सुचना

नेपाल प्रहरी अस्पताल कल्याण कोषद्वारा संचालित अस्पतालको हाता भित्र रहेको चमेना गृह संचालनको निमित्त सिलबन्दी दरभाउ पत्रको माध्यमद्वारा आ.ब. २०७८/०७९ को लागि नयाँ ठेक्का सम्झौता गरी संचालन गर्नु पर्ने भएकोले चमेना गृह संचालन गर्न इच्छुक फर्म, संस्था तथा कम्पनीहरूले यो सुचना प्रकाशित भएको मितिले १५ ( पन्ध्र ) दिन भित्र अस्पताल कल्याण शाखाबाट तोकिएको दरभाउपत्र नियमानुसार खरिद गरी रितपूर्वक शर्तहरुको अधिनमा रही पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

बिस्तृत जानकारीको लागि यस अस्पताल कल्याण शाखाको टेलिफोन नं. ०१-४४१२४३०, ०१-४४१२५३०, Ext. No. ११३ मा सम्पर्क गर्न हुन वा www.nepalpolice.gov.np र www.nph.nepalpolice.gov.np समेतमा हेर्न सकिने ब्यहोरा सुचित गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

विद्युतिय बोलपत्र आव्हानको सूचना

ठेक्का नं. NPH/NCB/23/077/78/02

प्रथम पटक प्रकाशन मिति २०७८।०३।२१ गते।

मेडिकल डाईरेक्टर
( डा. आशा सिंह )
प्रा.प्रहरी अतिरिक्त महानिरीक्षक

यस अस्पताललाई आ.व.२०७८/०७९ मा आवश्यक पर्ने औषधी तथा औषधीजन्य मालसामानहरुको लागि बिनियोजित बजेट तथा नेपाल प्रहरी अस्पताल कल्याण कोष लगायतको रकमबाट देहाय बमोजिमको औषधी तथा औषधीजन्य मालसामानहरू खरिद गर्नु पर्ने भएकोले सूचनामा उल्लिखित शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था वा कम्पनीहरुवाट रितपुर्वक विद्युतिय बोलपत्र आव्हान गरिएको छ।

बोलपत्र सम्बन्धी विवरण:

(क) औषधी तथा औषधीजन्य मालसामानहरु (बिद्युतिय बोलपत्र मात्र) : -

| सि.नं. | समुह | बिवरण | परिमाण | जमानत रकम रु. | बोलपत्र मान्य अवधि | बोलपत्र फाराम दस्तुर | दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Group "D" Surgical Items | D1. Surgical Items | बोलपत्र फारमको आवश्यकता सम्बन्धी विवरण (BOQ) तालिकामा उल्लेख भए अनुसार | 51000.00 | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | ५,०००।०० | २०७८/०४/२० गते १२:०० बजे भित्र | २०७८/०४/२० गते १३:०० बजे |
| | | D2. Surgical Items | | 188500.00 | | | | |
| | | D3. Surgical Items | | 116000.00 | | | | |
| | | D4. Surgical Items | | 155500.00 | | | | |
| | | D5. Surgical Items | | 203000.00 | | | | |
| 2 | Group "E" Pathology Reagent | E1. Manual pathology Reagents | | 103500.00 | | | | |
| | | E2 Histopathology and Serology Reagents | | 138500.00 | | | | |
| | | E3 PCR Reagents | | 154000.00 | | | | |
| 3 | Group " F" Orthopedic Implants | F1. Orthopedic Implants Trauma | | 90000.00 | | | | |
| | | F2. Orthopedic Implants Sports | | 30000.00 | | | | |
| 4 | Group "G"Dental Materials | G1. Dental Items | | 180000.00 | | | | |
| | | G2. Dental Items | | 77500.00 | | | | |
| 5 | Group "H" Suture Items | H. Suture Items | | 69500.00 | | | | |
| 6 | Group "I" Medical Oxygen | I. Oxygen Gas | | 12100.00 | | | | |

१. बोलपत्र फारामको साथ कारोबार दर्ता तथा नविकरण प्रमाण पत्र, मु.अ. कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.ब. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र नोटरी पब्लीकवाट प्रमाणित प्रतिलिपि र बोलपत्र फाराममा उल्लेखित अन्य कागजपत्रहरू समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

२. औषधी तथा औषधीजन्य मालसामानहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Portal www.bolpatra.gov.np/egp बाट e-bidding को कार्य गर्नु पर्ने भएको हुँदा web मा Login गरी प्राप्त निर्देशन अनुसार बोलपत्रदाताले e-submission गर्नु पर्नेछ।

३. बोलपत्र फारामको दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क ठमेल स्थित राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३१४०४३५०८, खाता नं. १०००२०००१०००० मा नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौको नाममा दाखिला गर्नुपर्ने छ।

४. तोकिएको समय भित्र विद्युतिय e-submission भएका बोलपत्रहरू माथि उल्लेखित मिति तथा समयमा उपस्थित बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाता तथा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। बोलपत्र दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सो दिनको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लिखित स्थान र समयमा बोलपत्रहरु खोलिने छ। निर्धारित मितिमा कारणवश वोलपत्र नखोलिएमा वोलपत्र र वोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिने छ।

५. बोलपत्र पेश गर्दा तोकिएको जमानत रकममा नघटाई ईजाजत प्राप्त बाणिज्य बैङ्क वा बित्तीय सस्थाबाट नियमानुसार जारी भएको जमानतपत्र वा कोष तथा लेखा नियन्त्रण कार्यालय काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क ठमेल स्थित एकल धरौटी खाता नं. ११००१००१०२०३००००, कार्यालय कोड नं.३१४०४३५०८ मा नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौको नाममा दाखिला गर्नुपर्ने छ। बैक जमानत वोलपत्र मान्य अवधि भन्दा कम्तीमा ३० दिन बढी (१२० दिन) अर्थात औषधी तथा औषधीजन्य सामानतर्फको लागि कम्तीमा मिति २०७८।०७।१३ गते (तदनुसार ३० अक्टोबर २०२१) सम्म मान्य हुनुपर्ने छ।

६. बोलपत्र सम्बन्धी कागजात लगायतका अन्य विषयमा छलफल गर्न मिति २०७८/०४/०८ गते शुक्रबार १२:०० बजे यस अस्पतालमा प्रि-बिड मिटिङ्गको आयोजना गरिने र उक्त मिटिङमा सामानको गुणस्तर तथा आपूर्तिका शर्तहरु सम्बन्धी विशेष जानकारी गराईने हुँदा उक्त मिटिङ्गमा सहभागी हुन जानकारी गराईन्छ।

७. वोलपत्रदाताले सबै समूह, आँशिक समुह, कुनै एक समूह वा कुनै एक आईटमको लागि मात्र पनि बोलपत्र पेस गर्नसक्ने छन्। तर प्रचलित ऐन वमोजिम कालो सूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनी संचालकले आफ्नो पूर्ण वा आंशिक स्वामित्व कायम रहने गरी खोलेको नयाँ फर्म, कम्पनी वा संस्था वा आफै वा निज समेतको नाममा भैरहेको अर्को फर्म सस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्ने छैनन्।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछन्।

९. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ।

१०. यस अस्पतालको फोन नं. ०१-४४१२५३० मा सम्पर्क गरी वा फार्मेसी/प्रबन्ध/आर्थिक प्रशासन शाखाबाट बोलपत्र सम्बन्धी थप जानकारी लिन सकिने छ।

११. यो सूचना नेपाल प्रहरी अस्पतालको website: www.nph.nepalpolice.gov.np र सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.ppmo.gov.np मा पनि हेर्न सकिने छ।

## बोलपत्र सम्बन्धी जानकारी

१. आपुर्ति गर्ने औषधि तथा औषधिजन्य सामानहरु WHO/ GMP/ ISO/CE प्रमाणित हुनुपर्ने छ।

२. बोलपत्र फाराममा बोलपत्रदाताले आपुर्ति गर्ने औषधि तथा औषधिजन्य सामानहरुको ब्रान्ड र कम्पनि नाम अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ। प्रत्येक आईटममा एक (१) वटा मात्र ब्रान्ड र उत्पादक कम्पनीको नाम प्रस्ताव गर्नुपर्नेछ। ब्रान्ड र उत्पादक कम्पनी उल्लेख नभएका बोलपत्रलाई मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

३. औषधि तर्फको BOQ मा **Group A** "Cardiovascular, Anti- Diabetic and oral Antimicrobial Medicine", **Group B** "Injection Items" र **Group C** "General Medicine" हरुमा Generic Name र Medicine Name गरी छुट्याईएको छ। सो को आधारमा BOQ मा उल्लेख भएका Generic Name/ Group अनुसार मूल्याङ्कन गरिनेछ। **जस्तै:** Acarbose Tab Generic Group भएको Item हरु Acarbose 25mg र Acarbose 50mg हरुलाई एकै साथ मूल्याङ्कन गरिनेछ।

४. औषधि तर्फको Group A, Group B र Group C को मूल्याङ्कन Generic Name को Group अनुसार गरिनेछ। त्यसैले प्रत्येक Generic Group मा रहेको सवै Item हरुको मूल्य सूचि, Brand तथा Company को नाम अनिवार्य उल्लेख गर्नुपर्नेछ। अन्यथा फरक हुन गएमा उक्त Generic Group को कुनैपनि Item हरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

५. सर्जिकल तर्फको BOQ मा Categorical Name र Item Name गरी छुट्याईएको छ। सो को आधारमा BOQ मा उल्लेख भएका Categorical Name/ Group अनुसार मूल्याङ्कन गरिनेछ। **जस्तै:** Crepe Bandage Categorical Group भएको Item हरु Crepe Bandage 4" र Crepe Bandage 6" हरुलाई एकै साथ मूल्याङ्कन गरिनेछ।

६. सर्जिकल आईटम तर्फको मूल्याङ्कन Categorical Name को Group अनुसार गरिनेछ। त्यसैले प्रत्येक Categorical Group मा रहेको सवै Item हरुको मूल्य सूचि, Brand तथा Company को नाम अनिवार्य उल्लेख गर्नुपर्नेछ। अन्यथा फरक हुन गएमा उक्त Categorical Group को कुनैपनि Item हरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

७. BOQ मा उल्लेखित औषधि तर्फको Generic Name तथा सर्जिकल तर्फको Categorical Name मा भएका सबै Item हरुको एउटै Brand र एउटै कम्पनी अनिवार्य उल्लेख हुनुपर्नेछ। अन्यथा फरक भएमा मुल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन। **जस्तै:** Generic Name Amlodepine भएको Group मा Item Name हरु Amlodepine 2.5mg, Amlodepine 5 mg र Amlodepine 10mg हरुको एउटै Brand र Company Name हुनुपर्ने।

८. आपुर्ति हुने औषधि तथा औषधिजन्य सामानहरुको उपभोग्य अवधि (Shelf Life) कम्तीमा ७५ प्रतिशत बाँकी रहेको हुनुपर्ने छ।

९. यस अस्पतालमा औषधि तथा औषधिजन्य सामानहरुको आपुर्ति गर्दा Packing Size, Tablet, Capsule, Vial, Ampoule, Bottle Size, Manufacture Date, Expiry Date, Batch Number लगायतका कुराहरु स्पष्ट रुपमा अनिवार्य उल्लेख भएको हुनुपर्ने छ।

१०. आपुर्तिकर्ताले अस्पतालले माग गरेको सामानन्यतया ७ (सात) दिन भित्र आपुर्ति गर्नुपर्नेछ तर आकस्मीक अवस्थामा भने तोकिएको समयमा नै आपुर्ति गर्नु पर्नेछ। अस्पतालले माग गर्दा बोलपत्रमा उल्लेखित अस्पतालको सामानहरु आवश्यकता अनुसार बढि, पुरै वा आँशिक, एकै पटक वा पटक पटक गरी माग गर्न सक्ने छ।

११. स्वीकृत बोलपत्रमा तोकिएको उत्पादक कम्पनीको औषधि तथा औषधिजन्य सामानहरु तोकिएको समय भित्र अस्पतालले माग गरे बमोजिम आपूर्ति नगरेमा उक्त सामानहरु आपूर्तिकर्तालाई पूर्व सूचना वेगर नै वजारवाट सोझै खरिद गरी उक्त रकम बोलपत्र स्वीकृत दरभन्दा वढी भएमा वढी हुन आउने रकम आपूर्तिकर्तावाट असुल उपर गरिनुको साथै सम्झौता रद्ध गरी नियमानुसार कानुनी कारवाहीको लागि प्रकृया अघि बढाउन सकिने छ।

१२. आपुर्ति भएका सामानहरुको गुणस्तरमा द्विविधा भएमा स्वदेश तथा विदेश स्थित मान्यता प्राप्त परिक्षण केन्द्रमा नमुना जाँच गर्न गराउन सकिने छ र परिक्षण वापत लाग्ने नमुना सहुतको सम्पुर्ण खर्च आपुर्तिकर्ताले नै व्यहोर्नु पर्नेछ ।

१३. बोलपत्र फारामको मुल्य परिमाण (BOQ) मा उल्लेखित औषधि तथा औषधिजन्य सामानहरुको परिमाणमा अस्पतालको आवश्यकता अनुसार थपघट गर्न सकिने छ ।

१४. कुनै औषधि तथा औषधिजन्य सामानहरु अधिकतम खुद्रा मुल्य (MRP) भन्दा बढि पेश गर्न पाईने छैन । साथै MRP उल्लेख नभएका औषधिजन्य सामानहरु बोलपत्रमा पेश गरेमा अस्पतालले माग गरेको बखतमा अनिवार्य रुपमा नमुना पेश गर्नु पर्नेछ ।

१५. बोलपत्र फाराममा मुल्य कबोल गर्दा अनिवार्य रुपमा अंक तथा अक्षरमा कबोल गर्नुपर्ने छ ।

१६. बोलपत्र फाराममा टिपेक्स लगाएको, ब्लेड वा धारिलो हतियारले कागज खुर्किएको पाईएमा बोलपत्र फाराम रद्द गर्न सकिने छ ।

१७. बोलपत्र सामान्यतया चालु आ.ब. ०७८/०७९ को लागि मात्र भएता पनि अर्को खरिद सम्झौता नभएसम्मको लागि आपुर्तिकर्ताले प्रस्ताव गरेको दररेटमा नै उपलब्ध गराउनुपर्ने छ ।

१८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्वीकार गर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहित रहने छ ।

१९. औषधि तथा औषधिजन्य सामानहरु आपुर्ति गर्ने बोलपत्रदाताले आबश्यकता अनुसार यस अस्पतालले माग गरेको बखत आबश्यक प्रमाणहरू पेश गर्नु पर्ने छ र औषधी ब्यबस्था बिभागमा दर्ता भएको हुनु पर्ने छ ।

२०. यस अस्पतालले आबश्यक परेमा बोलपत्रदाताहरूसँग औषधि तथा औषधिजन्य सामानहरुको Individual Item-wise आधिकारिक बिक्रेताको प्रमाण पत्र माग गर्न सक्ने छ ।

**२१. औषधी तथा औषधी जन्य मालसामानहरुको बोलपत्र फारामको मूल्य परिमाण सूची (BOQ) मा उल्लिखित औषधि तर्फ Generic Name भएकाहरुको Generic Group मा, सर्जिकल तर्फ Categorical Name भएकाहरुको Categorical Group मा र बाकिँ अन्य Item हरूको Individual Item-wise मा मुल्याङ्कन तथा स्वीकृत गरिने छ ।**

२२. औषधि तथा औषधिजन्य सामानहरुको नमुना (Sample) माग गरी प्राविधिक समितिबाट चेक जाँच गरी स्वीकृत भए पश्चात मात्र मुल्याङ्कन प्रक्रियामा समावेश गरिनेछ ।

२३. अर्थोपेडिक ईम्पलान्ट तर्फ सबै सेटहरुको एक- एक वटा नमुना माग गरी यस अस्पतालमै राखिनेछ ।

२४. आकस्मिक रुपमा कुनै ब्राण्डको औषधि Shortage हुन गएको अबस्थामा सम्वन्धित आपुर्तिकर्ताले DDA वा उत्पादक कम्पनि वा आधिकारिक निकायवाट प्रमाण पेश गरेमा यस अस्पतालको अस्पताल फार्मेसी तथा थेराप्यूटिक समिति (Drug & Therapeutic Committee) को निर्णयानुसार तोकिएको स्तरको बैकल्पिक ब्राण्ड स्वीकृत गर्न सक्ने छ र त्यसरी स्वीकृत पश्चात आपूर्ति गरेको औषधि तथा औषधिजन्य सामाग्रीको मूल्य बोलपत्रको स्वीकृत दर नबढाई भुक्तानी दिईनेछ ।

२५. यस अस्पतालले मुल्याङ्कनको क्रममा वोलपत्र फारामको मूल्य परिमाण सूची (BOQ) मा उल्लेख गरेको औषधी तथा औषधिजन्य सामानहरुको नमुना माग गर्न सक्ने छ ।

२६. अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ अनुसार गठित अस्पताल फार्मेसी तथा थेराप्यूटिक समिति (Drug and Therapeutic Committee) ले औषधि तथा औषधिजन्य वस्तुहरु उत्पादन गर्ने कम्पनिको विश्वसनियताको आधारमा कुनै खास ब्रान्ड स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।